‘कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार:
सुन्दर, समृद्ध मेन्छयायेमको आधार’

## मेन्छयायेम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ, तेह्रथुम, १ नं. प्रदेश, नेपाल



# नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०७९।०८०

# अध्यक्ष श्री यादव बहादुर खापुङ्गले

# मेन्छयायेम गाउँपालिकाको

# आठौं गाउँ सभामा

पेश गर्नुभएको आर्थिक वर्ष २०७९।०८०

# नीति तथा कार्यक्रम

**मेन्छयायेम गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ, तेह्रथुम

**२०७९ असार १० गते**

**आठौं गाउँसभामा उपस्थित सभा सदस्य ज्यूहरू,**

नेपालको संविधान जारी भएपश्चात नेपालको केन्द्रिकृत तथा एकात्मक शासन प्रणालीलाई राज्यको पुनर्संरचना भइ संघ, प्रदेश तथा स्थानीय तह गरी तीन तहसहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा परिमार्जन तथा परिस्कृत भएको छ । संघीयतालाई संस्थागत गर्ने क्रममा हामी अगाडि बढिरहेका छौं । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मेन्छयायेम गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा हर्षित छु ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापित गराउने सन्दर्भमा विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनमा, द्वन्द्वमा घाइते भइ कष्टकर जीवन व्यतित गरिरहनु भएका सम्पूर्णमा सम्मान सहित हार्दिकता प्रकट गर्न चाहन्छु । नेपाल राष्ट्र, राष्ट्रियता र अखण्डताका लागि जुनसुकै त्याग र बलिदानी दिन सक्ने र यस भू-भागलाई माया गर्नुहुने सम्पूर्ण स्वभिमानी नेपाली तथा राजनीतिक दल र शुभेच्छुक अन्य सबैलाई नेपालको राजनितक परिवर्तनमा खेल्नु भएको भूमिकाको उच्च सम्मान गर्दै यो ऐतिहासिक सफलताका निम्ति सबै प्रति आभार प्रकट गर्न चाहन्छु ।

जनताको त्याग र बलिदानबाट हिजोको स्थानीय निकाय स्थानीय सरकारको रूपमा स्थापित भएको हो । करिब १८ वर्षको अन्तरालमा स्थापित भएको जनप्रतिनिधिमूलक स्थानीय सरकारप्रति हिजोको भन्दा जनताको आशा र भरोसा आज उच्च रहेको छ । जनताको यो भरोसालाई जीवित राख्न गाउँपालिकाको तीब्रतर विकास गरी समृद्ध स्थानीय सरकारको रूपमा स्थापित गराउन यो स्थानीय सरकार दृढ संकल्पित रहनेछ । साथै यस महान कार्यमा हातेमालो गर्न संघीय सरकार, प्रदेश सरकार, अन्तर स्थानीय तह, स्थानीय स्तरका राजनितक दल, संघसंस्था, समाजसेवी, बुद्धिजीवी र आम जनसमूदायमा हार्दिक अपिल गर्दछु ।

गत विगत वर्षमा कोभिड १९ को विभिन्न भ्यारिएन्टको संक्रमणको संवेदनशील घडीमा आफ्नो जीउ ज्यान जोखिममा राखी कर्तव्यनिष्ट भइ इमान्दारितापूर्वक आ-आफ्नो पदीय जिम्मेवारी बहन गर्नुहुने जनप्रतिनिधि, कर्मचारी तथा कोभिड १९ विरूद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने निजी क्षेत्रका संघसंस्था, सञ्चार जगतलगायत सम्पूर्णमा म हार्दिक आभार प्रकट गर्दै कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरू,**

मेन्छयायेम गाउँपालिकाको यस गरिमामय आठौं गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रममा उपस्थित महानुभावहरूलाई मेन्छयायेम गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत र अभिवादन गर्दै आजको यस कार्यक्रम मार्फत गाउँपालिका क्षेत्रभित्रका जनताहरूलाई विकास र योजना प्रक्रियामा सबैको सहभागिता सुनिश्चित गर्न सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरू अवलम्बन गर्दै राष्ट्रिय प्राथिमकता र स्थानीय आवश्यकताहरूलाई पूरा गर्न प्रत्यक्ष सहयोग पुग्ने सवाङ्गीण विकास निर्माणलाई तिब्रता दिने अठोटका साथ क्षेत्रगत रूपमा बजेट विनियोजन गर्दै मौजुदा ऐन, नियम र कार्यविधिको आधारमा आगामी आर्थिक वर्ष २०७९।८० मा यसको सफल कार्यान्वयन गर्ने/गराउने प्रतिबद्धता व्यक्त गर्दछु ।

हामी स्थानीय सरकारले शुन्य विन्दुबाट यात्राको प्रारम्भ गरी नौलो अनुभव र अभ्यासका साथ महत्वपूर्ण र ठोस् उपलब्धि हासिल गर्दै अगाडि बढिरहेका छौं ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरू,**

यस मेन्छयायेम गाउँपालिका पनि **कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधारः सुन्दर, समृद्ध मेन्छयायेमको आधार** लाई मार्गदर्शनको रूपमा लिइ अग्रगामी दिशामा अघि बढेको छ । उपरोक्त समग्र व्यवस्थाका आधारमा आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणको लागि देहाय बमोजिमका प्राथमिकता तथा क्षेत्रगत नीतिहरू प्रस्तुत गर्न चाहन्छु ।

**प्राथमिकता**

१. स्वास्थ्य, खानेपानी, सरसफाइ, पोषण तथा खाद्य सुरक्षा
२. सहज, सुलभ, गुणस्तरीय शिक्षा
३. कृषि, पशुपालन तथा सिचाइ
४. पर्यटन तथा भौतिक पूर्वाधार
५. आन्तरिक राजश्व वृद्धि पुँजी निर्माण तथा वित्तीय सुशासन
६. लैङ्गिक समानता, महिला सशक्तिकरण तथा सामाजिक उत्थान
७. जलवायु परिवर्तन, वातावरणीय सन्तुलन तथा विपद व्यवस्थापन
८. न्याय तथा मध्यस्थता
९. सूचना तथा सञ्चार प्रविधि

**क्षेत्रगत नीतिहरू**

**स्वास्थ्य नीति**

- मौलिक हकको रूपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकहरूको पहुँचमा पुग्ने गरी प्रभावकारी रूपमा उपलब्ध गराउने एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ,
- गुणस्तरीय औषधि र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य सम्बन्धि सन्देश एवं सूचना सुलभरूपमा प्राप्त गर्ने सूचनाको हक सम्बन्धि अधिकारलाई कार्यगत रूपमा परिणत गर्ने शिक्षा, सूचना र सञ्चार कार्यक्रमलाई उच्च प्राथमिकता दिइ जनस्वास्थ्य प्रबर्द्धन गरिनेछ ।
- गुणस्तरीय एवं स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रबर्द्धन, प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई संरक्षण र सम्बर्द्धन गरिनेछ ।
- सामूदायिक विद्यालयमा किशोरीको महिनावारी व्यवस्थापनको लागि महिला शौचालय निर्माण र सेनिटरी प्याड वितरण गरिनेछ ।

- विभिन्न सिमान्तकृत जातजाति, आदिवासी तथा दीर्घरोगीहरूलाई स्वास्थ्य उपचार सहायतालाई निरन्तरता दिइनेछ ।
- वैकल्पिक स्वास्थ्य सेवा पद्दति (आयुर्वेद) लाई संरक्षण र सम्बर्द्धन गरिनेछ । प्रत्येक वडामा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थामा प्रयोगशाला प्रबर्द्धन गरी रोग परीक्षणलाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरूलाई प्रविधिमैत्री बनाइनेछ ।
- नयाँ स्वास्थ्य संस्थाहरूमा समावेशी तथा अपाङ्गमैत्री पूर्वाधार बनाइनेछ । सञ्चालनमा भएका तर समावेशी तथा अपाङ्गमैत्री नभएकाहरूलाई विस्तारै सुधार गर्दै लगिनेछ ।
- निरोगी मेन्छयायेम गाउँपालिका निर्माणका लागि मेन्छयायेम गाउँपालिकाबासीमा आवश्यकता र औचित्यताका आधारमा स्वास्थ्य बीमा कार्यक्रमलाई अगाडी बढाइनेछ ।
- स्वास्थ्य बीमा गरेकाहरूलाई उपचारका क्रममा गाउँपालिकाको फार्मेसीद्वारा औषधि उपचारमा १५ प्रतिशत छुट हुनेछ ।
- स्वास्थ्य सम्बन्धि आवश्यक सामग्रीहरू र निःशुल्क प्रदान गरिने औषधिहरूको अभाव हुन नदिने नीतिलाई कायमै राखिनेछ ।
- मेन्छयायेम गाउँपालिकाबासीको स्वास्थ्य सेवालाई थप व्यवस्थित बनाउन व्यायम शाला, आरोग्य केन्द्र निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- गर्भवती अवस्थामा आवश्यक पौष्टिक तत्वको उपलब्धताको सुनिश्चित गर्न अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्यका दृष्टिकोणले संवेदनशील बालबालिका, महिला, अपाङ्गलगायतलाई निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गरी मनोसामाजिक विमर्श गरिनेछ ।

**खानेपानी तथा सरसफाइ नीति**

- पूर्ण सरसफाइ कार्यक्रमलाई सरकारी तथा गैरसरकारी संघसंस्थासँग समन्वय गरी वडा कार्यालयको सक्रियतामा प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र खानेपानीको लाइन विस्तार, क्षमता विस्तार आदि कार्यमा उपभोक्ता स्तरमा माग बढिरहेको सन्दर्भमा आवश्यकता, औचित्यता र सान्दर्भिकता हेरी अधिकतम सहयोग गर्ने । खानेपानी उपभोक्ता संस्थासँग आवश्यक समन्वय गरी उक्त संस्थालाई नै जिम्मेवार बनाइ गाउँपालिकासँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र बढ्दो फोहोरमैला उत्सर्जन व्यवस्थापन गर्न आवश्यक कार्यविधि बनाइ लागू गरिनेछ । जथाभावी फोहोरमैलाको दीर्घकालिन व्यवस्थापन र यस क्षेत्रमा प्राप्त हुने सहकार्यलाई एकीकृत डालो प्रणालीमा आवद्ध गरिनेछ ।
- जथाभावी फोहोरमैला नपाल्न आवश्यक व्यवस्था गरिनेछ । र, प्रबर्द्धनात्मक, दण्डात्मक अभियानलाई तिब्रता दिइनेछ । विशेष सरसफाइ अभियान चलाइनेछ ।

- नेपाल सरकारबाट जारी भएको फोहोरमैला व्यवस्थापन ऐन २०३८ लाई कडाइका साथ कार्यान्वयन गर्न कार्ययोजना बनाइनेछ ।
- फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि रणनीतिक निर्माण गरिनेछ ।

**शिक्षा नीति**

- विद्यालयमा प्रदान गरिने दिवा खाजा तथा पोषण सामग्रीको प्रचलित मापदण्ड बमोजिम गुणस्तरीयता सुनिश्चित गरिनेछ । निरीक्षण, सुपरीवेक्षण तथा अनुगमनमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका बालबालिकाहरूको विद्यालय पहुँच कार्यक्रमलाई विस्तार, छात्रवृत्ति, गाउँपालिका क्षेत्रका सामूदायिक विद्यालयका अवसर सृजना, साक्षरता अभियान, उत्कृष्ट छात्र/छात्रालाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका क्षेत्रमा सञ्चालित बाल विकास केन्द्रहरूलाई सामूदायिकीकरण, एकीकरण र शसक्तिकरण गरिनेछ ।
- वडास्तर र गाउँपालिकास्तरबाट प्रत्येक विद्यालयमा महिनामा एकपटक अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्न लगाइ र कार्यपालिकाको बैठकमा छलफल गरी आवश्यक निर्देशन दिइनेछ ।
- निजी विद्यालयलाई अनुगमन, नियमन गरी आवश्यक निर्देशन दिने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक विद्यालयमा शिक्षक र विद्यार्थीहरूलाई पोशाक र परिचयपत्र अनिवार्य लागू गरिनेछ ।
- सामूदायिक विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।
- शैक्षिक सहयोग कार्यक्रम लागू गरी विद्यार्थीहरूको नेतृत्व, सीप तथा क्षमता विकास गरिनेछ ।
- शैक्षिक सुधार कार्ययोजना तयार गरी सोको सुझाव अनुसार सुधारको रणनीति अंगिकार गरिनेछ ।

**श्रम तथा रोजगार नीति**

- आर्थिक वर्ष २०७९।८० मा करिब एक सय युवायुवतीलाई स्वरोजगारमूलक तालिम प्रदान गरिनेछ ।
- सबैले काम गर्न पाउने तथा सबैले काम पाउने अवस्था सुनिश्चित गर्न सामाजिक, आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष, व्यवसायिक बनाउन विभिन्न सीपमूलक, आयमूलक कार्यक्रम सञ्चालन गरी स्वरोजगार बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने वातावरण सृजना गरिनेछ ।
- श्रमिकहरूको समस्यालाई समाधान गर्नका लागि वडामा अभिलेख राखिनेछ ।
- बालश्रमलगायत श्रम शोषणका सबै रूपमा अन्त्य गर्ने विशेष नीति लिइनेछ ।
- वैदेशिक रोजगारीमा जाने युवायुवतीहरू नठगिउन्, नबेचिउन् भन्नका लागि वैदेशिक रोजगारीसम्बन्धि विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**कृषि, पशुपालन तथा सिचाइ नीति**

- कृषि तथा पशुपालनलाई व्यवसायी उन्मुख बनाइनेछ ।
- किसानको हकहित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन, उत्पादकत्व बढाउन सिचाइको उचित व्यवस्थापनका लागि योजना निर्माण र कार्यान्वयनमा जोड दिइनेछ ।

- अर्गानिक कृषि अभियानमा जोड दिइनेछ ।
- कृषकहरूको पहिचान गरी सूचिकरणको लागि मापदण्ड बनाइ कृषक परिचयपत्र वितरण गरिनेछ । वर्गीकृत परिचपत्रका आधारमा सेवासुविधाको व्यवस्थापन गरिनेछ ।
- पशु रोग विरूद्ध खोप कार्यक्रम तथा पशु शिविर सञ्चालन गरिनेछ ।
- बाली तथा पशुपन्छी विकासका लागि प्रभावकारी बनाउन कृषक र बीमा कम्पनीसँग समन्वय गरी बीमा कार्यक्रम कार्यान्वयन गर्न सहजिकरण गरिनेछ ।
- मासुजन्य उत्पादन र दुग्धजन्य उत्पादनको लागि गाइभैसीपालन, कुखुरापालन, बाख्रापालन, माछापालन, बंगुरपालन व्यवसायलाई व्यवसायिक र आत्मनिर्भर बनाउन विशेष कार्यक्रम ल्याइनेछ ।
- गाउँपालिकाको नगदेवालीमा आबद्ध किसानलाई आवश्यक ज्ञान प्रविधिका साथै उन्नत विउ मलमा आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- वातावरण, जलवायु एवं माटोको उपयुक्तताको आधारमा फलफूलको बिरूवा वितरण गरिनेछ ।
- पशु कृतिम गर्भधारणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**भौतिक पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन नीति**

- सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुगमान गरेर मात्र वातावरणमैत्री भौतिक पूर्वाधारको निर्माणमा जोड दिइनेछ ।
- उपभोक्ता, गाउँपालिका, प्रदेश सरकार, संघीय सरकारको समन्वय र साझेदारीमा पूर्वाधार विकास निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् तथा उच्च जोखिममा परेको घर परिवारलाई तत्काल राहत, उद्दार र पुनर्स्थापना सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षाकर्मीहरूलाई विपद् रोकथाम तथा नियन्त्रणको लागि सामग्री उपलब्ध गराइनेछ । विपद्को रोकथामका लागि प्रतिकारात्मक कार्यहरू सञ्चालन गरिनेछ ।
- मेन्छयायेम गाउँपालिका भरी बनिसकेका सडकहरूलाई स्तरोन्नति गरी बाह्रै महिना चल्न सक्ने लक्ष्य पूरा गरिनेछ ।

**पर्यटन, कला तथा संस्कृति नीति**

- धार्मिक पर्यटकीय सम्भावना बोकेका मठमन्दिरको विकास गरी धार्मिक पर्यटकीय क्षेत्रको घोषणा गरिनेछ ।
- पर्यटकीय स्थल मेन्छयायेम ढापलाई विकास गर्न निरन्तरता दिइनेछ ।
- कला, संस्कृति, साहित्य, भाषा, धर्म तथा सांस्कृतिक धरोहरहरूको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न नेतृत्वदायी भूमिका बहन गरिनेछ ।
- मेन्छयायेम गाउँपालिकाबासीको प्रतिभाहरूले प्रकाशन गर्ने एल्बम, नृत्य, प्रशिक्षण, गायन, बाद्यवादन आदिमा औचित्यताको आधारमा सहयोग गरिनेछ ।

**सेवा प्रवाह, संगठन तथा प्रशासन नीति**

- सेवा प्रवाह कार्यलाई छिटो, छरितो प्रभावकारी ढंगले चलाइनेछ ।
- मेन्छयायेम गाउँपालिकाको बस्तुनिष्ट, आवधिक विकास योजना निर्माण गरी योजना तथा बजेट प्रणालीलाई मध्यमकालिन खर्च संरचना (MTEF) सँग आबद्ध गरिनेछ ।
- मध्यमकालिन खर्च संरचना, स्रोत अनुमान तथा वित्तीय उत्तरदायित्वलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न समिति गठन गरिनेछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसँग सम्बद्ध कानूनहरूको परिपालन गरी वित्तीय अनुशासन कायम गरिनेछ ।
- खरिद प्रणालीलाई स्तरीय, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ ।
- मेन्छयायेम गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूको पारिश्रमिक पुनरावलोकन गरी कार्यबोझ, कार्यचाप, उत्कृष्ट कार्यसम्पादनका आधारमा पारिश्रमिकमा वृद्धि गरिनेछ ।

**लैङ्गिक समानता, महिला शसक्तिकरण तथा सामाजिक उत्थान र सामाजिक न्याय**

- सामाजिक विभेद निवारणका लागि विद्यालय र समाजमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जोखिममा परेका, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनर्स्थापना, संरक्षण, शसक्तिकरण गरी स्वावलम्बी बनाइनेछ ।
- महिलाहरूको सीप विकास तथा क्षमता अभिवृद्धि गरी आर्थिक रूपमा आत्मनिर्भर बनाउने नीति अबलम्बन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी अनुगमनको व्यवस्थापन मिलाइनेछ ।
- बालविवाह विरूद्धको अभियानलाई निरन्तरता दिइनेछ तथा बाल क्लब, बाल समूहलाई उक्त अभियानमा आबद्ध गराइनेछ ।
- राज्यबाट जारी भएका समावेशीकरण सम्बन्धि नीतिलाई पूर्ण रूपमा आत्मसाथ गरिनेछ ।

**युवा तथा खेलकूद नीति**

- युवा तथा खेलकूद सम्बन्धि नीति, कानून तथा योजना तर्जुमा कार्यान्वयन गरिनेछ ।
- वडा तथा गाउँस्तरीय युवा सञ्जालको गठन गरी युवा वर्गको उत्थान र विकासमा परिचालन गरिनेछ ।
- युवाहरूमा आवश्यकता तथा औचित्यताका आधारमा जीवनोपयोगी कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ ।
- स्वास्थ्यका लागि खेलकूद भन्ने मूल मर्म बमोजिम कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग नीति**

- प्राकृतिक सम्पतिको संरक्षणको लागि स्थानीय तथा आधुनिक ज्ञान सीप अबलम्बन गरिनेछ ।

- गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोतसाधनको संरक्षण, सम्बर्द्धन र वातावरण अनुकूल दीगो रूपमा उपयोग गर्ने र स्थानीय समूदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने व्यवस्था गरिनेछ ।
- सार्वजनिक स्थलमा रहेका गाउँपालिकाको क्षेत्राधिकार पर्ने ताल, पोखरी, पानी मूल, वनजंगल आदिजस्ता प्राकृतिक स्रोत सम्पदाको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्दै गाउँपालिका र वडा कार्यालयको आर्थिक स्रोतको वृद्धि र विकास गरिनेछ ।

**न्याय र दण्ड व्यवस्थापन नीति**

- स्थानीय शान्ति समिति, सामूदायिक मेलमिलाप आदि जस्ता संस्थाहरूसँग समन्वय गरी न्याय सम्बन्धि कार्य व्यवस्थापन गरिनेछ ।
- न्यायिक समितिलाई प्रभावकारी बनाइनेछ ।
- सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्तता जस्ता वैकल्पिक उपायहरू अबलम्बन गरिनेछ ।
- राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अबलम्बन गरिनेछ ।
- असहाय, जेष्ठ नागरिक, अनाथ बालबालिकाहरूको न्यायिक प्रकृयालाई निःशुल्क सेवा प्रदान गरिनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि नीति**

- सूचना प्रविधिको युगको रूपमा रहेको वर्तमान विश्व परिवेश अनुरूप गाउँपालिका र यसका वडाहरूको कार्य प्रणाली र अभिलेखहरूलाई कम्प्यूटर पद्धतिमा रूपान्तरण गरी सेवा प्रवाहलाई चुस्तदुरूस्त र छरितो गरिनेछ ।
- निश्चित रकमभन्दा माथिका बोलपत्र आव्हानद्वारा गरिनेछ ।
- आर्थिक कारोबारलाई सम्भव भएसम्म बैङ्किक सेवामार्फत गर्ने प्रणाली आत्मसाथ गरिनेछ ।
- व्यक्तिगत घटना तथा कम्प्यूटरकृत प्रणालीबाट गरिने व्यवस्थालाई अझ व्यवस्थित गरिनेछ ।

**भू-उपयोग, भूमि व्यवस्थापन तथा व्यवस्थित बसोबास नीति**

- राष्ट्रिय भू-उपयोग तथा भूमि नीतिको अधिनमा रहेर उपलब्ध भूमिको सदुपयोग गर्दै एकीकृत बस्ति, खेल परिसर, आवास, शहरीकरणको पूर्वाधार विकास गरिनेछ ।
- भूमिहीन, सुकुम्बासीहरूलाई मात्र प्रति परिवार १ रोपनी जग्गा दिने प्रयास गरिनेछ ।
- भूमिहीन, सुकुम्बासीको समस्या समाधान गर्न भूमि आयोग र सम्बन्धित निकायसँग सहकार्य समन्वय गरिनेछ ।
- भूमिहिन सुकुम्बासीको तथ्याङ्क संकलन गरी बसोबास, सामाजिक संरक्षणको कार्य सञ्चालन गरिनेछ ।

- यस गाउँपालिकामा रहेका फुसको छाना भएका घरधुरीलाई क्रमशः जस्तापाताको छानाले प्रतिस्थापन गर्न संघीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।
- फुसको छानोमुक्त मेन्छयायेम गाउँपालिका बनाउने लक्ष्य पूरा गरिनेछ ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरू,**

**अन्त्यमा,**

स्थानीय सरकारले अग्रगामी दृष्टिकोणसहित आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने मूल दायित्व तथा कर्तव्य स्थानीय सरकारको हुनेछ । स्थानीय सरकारले संविधान प्रदत्त अधिकारको सूचीमा रही अत्यावश्यक कानूनहरू निर्माण गरी व्यवस्थित कार्यसम्पादनको आधारचित्र कोरेको छ । तथापि, अपेक्षित क्रियाकलाप सञ्चालनका लागि पर्याप्त आधार बनिसकेको छैन । जसका लागि हामी प्रयासरत्त छौं । आगामी आ.ब. २०७९।०८० को बजेट तथा कार्यक्रमले उल्लेखित नीति तथा कार्यक्रमलाई व्यवहारिक सफलता प्रदान गर्ने प्रतिबद्धता म यस गरिमामय सभामा जानकारी गराउँदछु । हामीले परिकल्पना गरेको **कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः सुन्दर, समृद्ध मेन्छयायेमको आधार**लाई प्रस्तुत नीति तथा कार्यक्रमले आत्मसाथ गरेको छ । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै सरोकारवालाहरूको साथ सहयोग तथा सहकार्यको अपेक्षा राखेको छु । यस मेन्छयायेम गाउँपालिकाको उज्जवल भविष्यका लागि तत्परताका साथ आबद्ध जनप्रतिनिधि, कर्मचारीवर्ग, जनसमूदायलगायत सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**धन्यवाद**

**मेन्छयायेम गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मोराहाङ्ग तेह्रथुम**
**आ.ब. २०७९।०८० को आयव्ययको अनुमान**

**आयतर्फ**

| क्र.सं. | स्रोत शिर्षक | रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | संघिय सशर्त अनुदान चालु | 107,000,000 | |
| २ | संघीय सशर्त अनुदान पुजिगत | 23,000,000 | |
| ३ | संघीय वित्तीय समानीकरण | 72,200,000 | |
| ४ | संघीय विषेश अनुदान पुजिगत | 14,000,000 | |
| ५ | संघीय समपुरक अनुदान | 4,000,000 | |
| ६ | संघीय राजस्व बाँडफाँट | 50,556,000 | |
| ७ | प्रदेश सशर्त अनुदान | 4,625,000 | |
| ८ | प्रदेश वित्तीय समानीकरण | 3,430,000 | |
| ९ | प्रदेश राजस्व बाँडफाँड | 1,563,920 | |
| १० | प्रदेश विशेष अनुदान | | |
| ११ | प्रदेश समपुरक अनुदान | 10,000,000 | |
| १२ | अल्या | 1,000,000 | |
| १३ | आन्तरिक स्रोत | 1,200,000 | |
| | **कुल जम्मा** | **292,574,920** | |
| | **गाउँपालिकाले बिनियोजन गर्ने रकम** | | **129,949,920** |

**व्ययतर्फ**

| क्र.सं. | क्षेत्रगत | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका चालू खर्च | ४५०००००० | |
| २ | कृषि सेवा शाखा | 1877725 | |
| ३ | पशु सेवा शाखा | २९७०००० | |
| ४ | मेन्छयायेम आरोग्य केन्द्र | ६८५००० | |
| ५ | स्वास्थ्य सेवा शाखा | ७३३५००० | |

| | | | |
|---|---|---|---|
| ६ | शिक्षा सेवा शाखा | ११२६३००० | |
| ७ | महिला विकास शाखा | ७६०००० | |
| ८ | वडागत चालू खर्च | ३६००००० | |
| ९ | गाउँपालिका पुँजीगत | 56,459,195 | |
| | **जम्मा** | १२९९४९९२० | |